मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : २९६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ असोज ९ गते शुक्रवार (Friday, September 25. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

"आर्थिक सशक्तिकरणसहिकतको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रुपान्तरण"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## कुलमानको पक्षमा बिर्तामोडमा युवाको प्रदर्शन




तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

**झापा, असोज ८।** झापाको बिर्तामोडमा नेपाल विद्युत् प्राधिकरणका पूर्व कार्यकारी निर्देशक कुलमान घिसिङलाई पुनः नियुक्ति गर्नुपर्ने माग गर्दै प्रदर्शन गरेका छन् ।

स्वतन्त्र युवाहरुले आयोजना गरेको प्रदर्शनमा सयौं युवा तथा वृद्धवृद्धाको सहभागिता रहेको थियो । कार्यक्रममा कुलमानलाई द लाइट अफ नेपालको उपाधि दिइएको छ । बिर्तामोड नगरको परिक्रमा गर्दै मुक्तिचोकमा पुगेर कोण सभामा परिणत भएको सभामा बोल्दै सामाजिक अभियन्ता नारायण कडरियाले कुलमान व्यक्ति मात्र नभएर उज्यालोको पर्याय भएको बताए । उनले नेपालभित्र दुई वटा नेपाल विकसित भएको भन्दै कम्युनिष्ट नेताले गरीब जनताको आवाज बोकेर सत्तामा पुगे पनि सत्तामा पुगेपछि गरिब जनतालाई दबाउँदै निरङ्कुशता लाद्न खोजेकोले युवाहरु सडकमा उत्रनुपरेको बताए । कुलमानलाई पुन:नियुक्ति नगरे सारा जनता सडकमा उत्रिएर वर्तमान सत्ताविरुद्ध उत्रिने चेतावनी दिए ।

त्यस्तै रंगकर्मी प्रकाश दाहालले जनताको आवाजलाई वर्तमान सरकारले मजाक बनाएको आरोप लगाए । कलाकारलाई प्रयोग गरेर जनताको आवाजलाई गीत-संगीतमार्फत आन्दोलन गरे पनि तिनै गरीब जनता विरुद्ध भेदभाव गरेको भन्दै अब जनता चुप लागेर नबस्ने चेतावनी दिए । सभालाई सम्बोधन गर्दै सञ्चारकर्मी पार्वती तामाङले बिद्युत् प्राधिकरणमा कुलमानको विकल्प खोज्ने बेला नभएको भन्दै पुनः नियुक्तिको माग गरिन् ।

कार्यक्रममा कुलमान तिम्रो कर्मले छाती फुल्छ गर्वले, लोडसेडिङ गर्न पाइँदैन, उज्यालो नेपाल चाहिन्छ लगायतका प्ले कार्ड बोकेर प्रदर्शन गरिएको थियो । प्रदर्शनमा सहभागीहरुले कुलमान कुशल प्रशासक भएको भन्दै उनको समर्थनमा नागरिकले स्वतन्त्र रुपमा प्रदर्शन गरेका हुन् ।

## १६००० कर्मचारी कारवाहीमा

**झापा, असोज ८।** सम्पत्ति बिवरण नवुझाउने १६ हजारभन्दा बढी कर्मचारी कारवाहीमा परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सम्पत्ति विवरण नबुझाउने १६ हजार ७ सय ४८ जनालाई कारबाही गरेको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको विहीवार बसेको बैठकले सैनिक, निजामति, स्थायी शिक्षक तथा अन्य कर्मचारीले सम्पत्ति विवरण नबुझाएको भन्दै जनही ५ हजार जरिवाना तिरेर सम्पत्ति विवरण पनि सम्बन्धित निकायमा बुझाउन निर्देशन दिएको छ ।

कारबाहीमा संघीय तहका निजामतितर्फका २ हजार ५ सय ४ जना, नेपाल प्रहरीका १ सय ११ जना, शिक्षक ७ हजार ६ सय १३ जना, निजामति तथा सैनिक प्रहरीबाहेकका १ हजार ४ सय ३२ जना परेका हुन् ।

यस्तै राष्ट्रिय सतर्कता केन्द्रको विवरण अनुसार प्रदेश तहमा सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पद धारणा गरेका ५ सय ५४ जना तथा स्थानीय तहमा ४ हजार ५ सय र ३४ जना पनि कारबाहीमा परेका छन् ।

आयोगले जरिवाना तिरेर तोकिएको निकायमा सम्पत्ति विवरण पेश गरी सोको एकमुष्ठ जानकारी पठाउन पनि निर्देशन दिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८को दफा ३१ क को उपदफा १ मा सार्वजनिक पद धारणा गरेको व्यक्तिले साठी दिनभित्र आफ्नो वा परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । सोही व्यवस्था पालना नगर्ने कर्मचारीलाई ऐन अनुसार कारबाही गरिएको आयोगले जनाएको छ ।

## बाढी पहिरोले १४ जनाको मृत्यु

**झापा, असोज ८।** पछिल्लो दुई दिनदेखिको लगातार वर्षाका कारण मुलुकका धेरै जसो क्षेत्र पुनः प्रभावित हुन पुगेको छ । ठाउँठाउँमा पहिरोका घटना निम्तिएको छ । बाढी र पहिराले केही जिल्लामा मानवीय क्षतिसमेत भएको गृहमन्त्रालयले जनाएको छ ।

ठाउँ-ठाउँमा आएको बाढी र खसेको पहिराका कारण दुई दिनमा मात्रै १४ जनाको मृत्यु भएको छ । अन्य सात जना हराइरहेका छन् भने तीन जना घाइते भएको गृहमन्त्रालयको राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रका प्रमुख मुरारी वस्तीले जानकारी दिए ।

प्राप्त विवरण अनुसार कपिलवस्तुमा विद्युत् प्राधिकरणको गाडी खोलाले बगाउँदा एक जनाको मृत्यु र दुई जना बेपत्ता भएका छन् । पाल्पाको रम्भा गाउँपालिकामा घर पुरिँदा पाँच बेपत्ता भएका छन् भने एक जनाको मृत्यु भएको छ । यस्तै धनकुटाको महालक्ष्मीमा पनि एक जनाको मृत्यु भएको छ ।

स्याङ्जाको कालिगण्डकी गाउँपालिकामा एक जना र वालिङ नगरपालिका-१४मा दुई घर पुरिँदा नौ जनाको मृत्यु भएको केन्द्रका प्रमुख वस्तीले रासससलाई बताए । यस्तै बाग्लुङमा पनि विपद्मा परेर एक जनाको ज्यान गएको छ ।

लगातारको वर्षाका कारण नदी नालामा बहावसमेत बढ्न थालेको छ । अझै केही दिन वर्षा जारी रहने र बाढी पहिरो खस्नसक्ने भएकाले उच्च सावधानी अपनाई जोखिम क्षेत्रबाट सुरक्षित स्थानमा सरेर बस्न सरकारले आम नागरिकलाई आग्रह गरेको छ ।

बाढी पूर्वानुमान महाशाखाका अनुसार विहीवार र आज शुक्रबार नारायणी, पश्चिम राप्ती, बबई, तिनाउ, बाणगङ्गा र त्यसका सहायक नदीमा बहाव खतरा आसपास हुनेछ । यस्तै कर्णाली, कोशी, कनकाई, कमला, वाग्मतीमा सतर्कता आसपास हुने भएकाले ती नदीका तटीय क्षेत्रका क्रियाकलाप नगर्न अनुरोध गरिएको छ ।

जल तथा मौसम विज्ञान विभागका

(बाँकी अन्तिम पृष्ठमा)

## अपाङ्गता भएकालाई खाद्यान्न, औषधिको अभाव नहुने

**काठमाडौं, असोज ८।** महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री पार्वत गुरुङले कोभिड-१९ का कारण प्रभावित अपाङ्गता भएका व्यक्तिलाई खाद्यान्न वा औषधिको अभाव हुन नदिइने प्रतिबद्धता व्यक्त गरेका छन् ।

४१औं सामाजिक सेवा दिवसका अवसरमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालले विहीवार भर्चुअलरूपमा आयोजना गरेको 'अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली कार्यान्वयन' विषयक छलफलमा उनले त्यस्ता प्रभावित व्यक्तिका समस्याबारे सरकारलाई सूचित गर्न आग्रह गरे । मन्त्री गुरुङले अन्य सम्बन्धित मन्त्रालयसँग समन्वयन गरेर पनि सामाजिक दायित्व निर्वाह गरिने उल्लेख गरे । उनले यस क्षेत्रका संस्था र व्यक्तिसँगको जीवन्त सम्पर्क र सहकार्यबाट विद्यमान ऐन, नियम र नियमावलीको कार्यान्वयन गरिने पनि बताए ।

मन्त्रालयका सचिव यामकुमारी खतिवडा (बाँस्कोटा) ले नियमावलीको कार्यान्वयनमा यस क्षेत्रको भूमिका महत्वपूर्ण हुने बताइन् । महासंघका अध्यक्ष मित्रलाल शर्माले पछिल्ला समयमा सरकारले अपाङ्गता भएका व्यक्तिको सवाललाई तुलनात्मकरूपमा सुन्ने र सम्बोधन गर्ने प्रयास गरेको र ऐन नियमका अपर्याप्ततालाई आगामी दिनमा पूर्णता दिन आवश्यक रहेको बताए ।

सरकारले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ गत भदौ १ गते नेपाल राजपत्रमा प्रकाशित

(बाँकी अन्तिम पृष्ठमा)

## कोरोनाबाट झापामा ६ जनाको मृत्यु, संक्रमित बढ्दै

**भद्रपुर, असोज ८।** झापामा थप एक कोरोना संक्रमित वृद्ध पुरुषको मृत्यु भएको छ । योसँगै झापामा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ६ पुगेको छ ।

झापा गाउँपालिका-६स्थित सानो चप्रामारी निवासी ७८ वर्षीय वृद्धको कोरोना भाइरस सङ्क्रमणका कारण मृत्यु भएको प्रहरी कार्यालय झापाका डीएसपी राकेश थापाले जानकारी दिए । दम लगायतका दीर्घ रोगबाट ग्रसित ती वृद्धलाई ज्वरो आएको थियो । ज्वरो आएपछि असोज ६ गते उनको स्वाव पीसीआर जाँचका लागि मेची प्रादेशिक अस्पताल भद्रपुर पठाएकोमा रिपोर्ट पोजेटिभ आएको डीएसपी थापाले बताए । कोरोना संक्रमण पुष्टि भएका ती वृद्ध होम आइसोलेसनमा बसेको र उनको बुधवारराति घरमै मृत्यु भएको जनाइएको छ ।

यता कोरोना संक्रमित वृद्धको मृत्यु भएसँगै गाउँपालिकाको ६ नम्बर वडा सिल गरिएको छ । वडा कार्यालयले बिहीबार सर्वपक्षीय भेला गरी विहीवार साँझ ५ बजेदेखि असोज ११ गते मध्यरातसम्म वडा सिल गर्ने निर्णय गरेको हो । वडाध्यक्ष हरिबहादुर बानियाँको अध्यक्षतामा बसेको भेलाले पश्चिममा सानो माई वारि, पूर्वमा बिरीङ खोला वारि, उत्तरमा कनकाई नगरपालिकाको सीमाना र दक्षिणमा फूलगाछीसम्मको क्षेत्र सिल गरिएको नेकपाका गाउँपालिका अध्यक्ष रुद्र बजगाईंले जानकारी दिए ।

भेलाले वडा सिल भएको समयमा अत्यावश्यक सेवाहरू नियमित सञ्चालन गर्न पाइने, क्वारेन्टाइन प्रयोजनका लागि सञ्चालित होटेलहरू सञ्चालन गर्न पाइने, अमरपथ राजमार्गमा चल्ने सवारी साधन चल्न दिने निर्णय गरेको छ । घर बाहिर अत्यावश्यक कामका लागि जानु परेमा वडाध्यक्ष बानियाँ, स्वास्थ्य शाखा प्रमुख लक्ष्मण विश्वकर्मा तथा प्रहरीलाई सूचना गरेर मात्र जान पाइने निर्णय गरिएको छ ।

उता भद्रपुरमा एक सुन व्यापारीसहित चार जना कोरोना संक्रमित थपिएका छन् । योसँगै जिल्लामा सङ्क्रमितको संख्या ८२२ पुगेको छ ।

भद्रपुरमा एक, कनकाईमा दुई र झापा गाउँपालिकामा एक जनामा कोरोना पुष्टि भएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । भद्रपुर नगरपालिका-९ बस्ने ५० वर्षीय एक जना संक्रमण पुष्टि भएको नगर स्वास्थ्य शाखाका फोकल पर्सन मनोज भट्टराईले जानकारी दिए । भद्रपुर-१०स्थित चन्द्रगढी बजारमा सुन व्यवसाय गर्ने उनी ज्वरो आएपछि पीसीआर जाँचका लागि मेची अस्पताल भद्रपुर गएका थिए । अस्पतालबाट विहीवार आएको रिपोर्टमा उनको कोरोना रिपोर्ट पोजेटिभ देखिएको हो । यता बजारका व्यवसायीलाई कोरोना देखिएपछि नगरपालिकाले उच्च सतर्कता अपनाउन सबैलाई अनुरोध गरेको छ ।

त्यस्तै कनकाई नगरपालिकाका दुई जना स्थानीयलाई कोरोना पुष्टि भएको छ । वडा नम्बर २ बस्ने ३० र ४८ वर्षीय पुरुषलाई कोरोना देखिएको हो । दुई जनामध्ये एक जनाको स्थानीय ठेगाना बिर्तामोड-५ हो । त्यस्तै झापा गाउँपालिका-६ मा कोरोना पुष्टि भएका वृद्धको बुधवार राति मृत्यु भइसकेको छ । उनको शवलाई नेपाली सेनाले दाहसंस्कार गरिसकेको जनाइएको छ ।

## नक्कली नोटसहित दुई जना पक्राउ

**झापा, असोज ८।** सिम्रौनगढ नगरपालिका-९ बसवरिया नहरबाट १ हजार दरको नक्कली नोट १ हजार २ सय १६ थानसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा बारागढी गाउँपालिका-५ सिघासनी बस्ने २३ वर्षीय बलिराम चौधरी र भारत बिहार मोतीहारी बस्ने २७ वर्षीय सन्दीप कुमार रहेका छन् । उक्त स्थानमा चोरीका मोबाइलहरू खरिद बिक्री भएको भन्ने सूचनाको आधारमा खटिएको प्रहरीले बा.६४ प ९७०६ नम्बरको मोटरसाइकलमा सवार उनीहरुलाई जाँच गर्ने क्रममा उक्त नक्कली नोटसहित फेला पारी पक्राउ गरेको हो ।

थप अनुसन्धानको गर्ने क्रममा उक्त नक्कली नोटहरू मोबाइल बिक्री गरी प्राप्त भएको तथा मोबाइल खरिद गर्ने व्यक्तिहरूले उक्त नोटहरू दिइ ३० थान मोबाइल लिई फरार भएको खुल्न आएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । मोबाइल लिई फरार भएका व्यक्तिहरुको खोजी गर्नुका साथै थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

हार्दिक बधाई तथा शुभकामना



श्री महेन्द्रकुमार गिरी

समाजमा सकारात्मक परिवर्तनका लागि सक्रिय सामाजिक अभियन्ता सहारा नेपाल तथा सहारा नेपाल (साकोस)का सचिव एवम् कार्यकारी प्रमुख, राष्ट्रिय सहकारी बैंकका सञ्चालक सदस्य, जिल्ला सहकारी संघ झापाका उपाध्यक्ष, एकका लागि एक अभियानका संयोजक, विभिन्न संस्थामा संलग्न भई अग्रणी भूमिका निर्वाह गरिरहनुभएका **श्री महेन्द्रकुमार गिरी**ज्यूलाई संविधान दिवसको अवसरमा सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७७ असोज ३ गते 'समाज सेवा रत्न पदक' द्वारा विभूषित गर्ने घोषणा भएकोमा हामी अत्यन्तै उत्साही एवम् हर्षित भएका छौं । यस पावन अवसरमा हामी तपाईंप्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं । साथै आगामी दिनमा तपाईंको समाजसेवाप्रतिको ऊर्जा अझ क्रियाशील हुँदै जाओस् भन्ने कामना पनि गर्दछौं ।

श्री अन्तु प्रकाशन (प्रा.)लि.
पूर्वाञ्चल दैनिक परिवार

श्री गणेशमान सिंह अध्ययन प्रतिष्ठान प्राविधिक तथा व्यवसायिक शिक्षालय, शिवसताक्षी, झापाको

बिद्यार्थी भर्ना सम्बन्धी सूचना

झापाको झिलझिलेमा सञ्चालित गणेशमान सिंह अध्ययन प्रतिष्ठान तथा व्यावसायिक शिक्षालय पोलिटेक्निकल कलेजद्वारा शैक्षिक सत्र २०७७/०७८देखि प्राविधिकधारतर्फ तीन वर्षे डिप्लोमा तहको सिभिल इञ्जिनियरिङ, कम्प्युटर इञ्जिनियरिङ र आइटी इञ्जिनियरिङका विषयमा पठनपाठन हुने भएको हुँदा सम्पूर्ण अभिभावकज्यूहरुले आफ्ना नानीहरूको विद्यालयमा भर्ना गरी समयमै सिट सुरक्षित राख्नहुन अनुरोध छ ।

कलेजका विशेषताहरु
- भूकम्प प्रतिरोधात्मक क्षमताका भवन भएको ।
- सुविधा सम्पन्न भौतिक साधन ।
- कम्प्युटर ल्याब भएको ।
- अनलाइनको सुबिधा भएको ।
- दक्ष तथा तालिम प्राप्त शिक्षक तथा प्राविधिकबाट पठनपाठन हुने ।
- कोलाहलरहीत एकान्त तथा खुल्ला वातावरण भएको ।
- प्रत्येक कक्षामा ४८ मात्र सिट क्षमता भएको ।
- इन्टरनेट सुविधा भएको ।

गणेशमान सिंह अध्ययन प्रतिष्ठान, प्राविधिक तथा व्यवसायिक शिक्षालय शिवसताक्षी नगरपालिका वडा नम्बर-११, झिलझिले, झापा

सम्पर्क नम्बर: अध्यक्ष: ९८१५९०४४३४ सचिब: ९८४२६२४६९६
कोअडिनेटर: ९८१८८८८६६८ कार्यालय: ०२३-४७०२५०
झिलझिले बजारदेखि चार सय मिटर तल । (झिलझिले माध्यमिक विद्यालय)

हार्दिक बधाई

हरेक महिलाका हक, हित र अधिकार रक्षाका लागि अनवरत क्रियाशील यस संस्थाकी अध्यक्ष **मायादेवी गुरुङ** संविधान दिवसका अवसरमा समाजमा उत्कृष्ट काम गर्नेहरुलाई सरकारको तर्फबाट प्रदान गरिँदै आएको मानपदवी, अलंकार र पदकमध्ये सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीबाट जनसेवा श्री पञ्चमबाट विभुषित हुनुभएको खवरले हामी अत्यन्तै खुशी भएका छौं ।

यस सुखद् अवसरमा हामी विभुषित हुनुभएकी यस संस्थाकी अध्यक्ष गुरुङप्रति हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिन समेत निक्कै सकारात्मक र रचनात्मक ढंगले अघि बढोस् भन्दै अभ्यन्तरिक शुभकामना व्यक्त गर्दछौं ।

साथै झापा जिल्लासहित देशभरबाट ५ सय ९४ जनामध्ये यस संस्थाकी अध्यक्ष गुरुङको नाम सिफारिस गर्ने छनौट समितिलाई समेत धन्यवाद ज्ञापन गर्दछौ ।



मायादेवी गुरुङ

शशिकला राई — सदस्य
दीपकला लिम्बू — सचिव
बिना तामाङ — उपाध्यक्ष

एवम् मखमली महिला विकास संस्था
मेचीनगर-१० धुलावारी परिवार, प्रदेश नम्बर १ झापा

# यामाहाको 'रे जेडआर १२५ एफआइ' स्कुटर सार्वजनिक




**बिर्तामोड, असोज ८।** यामाहा कम्पनीको नयाँ स्कुटर रे जेडआर १२५ एफआइ बिर्तामोडमा सार्वजनिक भएको छ। यामाहाको आधिकारिक बिक्रेता सयपत्री ट्रेड लिंकले नयाँ स्कुटरको बिक्री खुला गरेको हो।

एक कार्यक्रमकाबीच बिहीबार राष्ट्रिय कलाकार विल्सन विक्रम राई, बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराई र सञ्चालक विनोद बस्नेतले स्कुटर सार्वजनिक गरेका थिए। स्कुटरको बजार मूल्य २ लाख ५४ हजार ९०० रूपैयाँ रहेको छ।

सञ्चालक बस्नेतले नयाँ रे जेडआर १२५ एफआइमा मेजर रिफाइनमेन्टहरु गरिएको सेग्मेन्टकै सबैभन्दा छिटो पिकअप लिने स्कुटर भएको बताए। जसले मात्र ७ दशमलव ५९ सेकेन्डमा ६० किलोमिटर प्रतिघण्टाको गति लिन सक्ने उनले जानकारी दिए।

साथै, यो स्कुटरको माइलेज पनि सबैभन्दा बढी ५८ किलोमिटर प्रतिलिटर रहेको छ। अन्य फिचरहरु पनि अघिल्लो रे जेडआरको भन्दा उत्कृष्ट बनाइएको कम्पनीको दाबी छ। यसमा १२५ सीसीको बिएस ६ कम्प्ल्यान्स यामाहामा प्याटेन्डेड ब्लुकोर एफआइ प्रविधिसहितको इञ्जिन लगाइएको छ।

अंग्रेजी अक्षर 'वाइ' आकारको नयाँ एलइडी लाइट, नयाँ डिजिटल इन्स्ट्रयुमेन्ट क्लस्टर, स्टप एन्ड स्टार्ट सिस्टम, क्वाइट स्टार्टअपको लागि स्मार्ट मोटर जेनेरेटर, साइड स्ट्यान्ड इन्जिन कट-अफ स्विच र युनिफाइड ब्रेकिङ सिस्टम जस्ता आधुनिक र सुविधाजनक फिचर रहेका छन्।

यसको वजन ९९ केजी मात्र रहेको छ जसले यसलाई १२५ सीसी स्कुटर सेग्मेन्टको सबैभन्दा हलुङ्गो स्कुटर बनाएको छ। यामाहा नेपालमा बीएस ६ मोडेलको उत्पादन भित्र्याउने एउटै मात्र दुई पाङ्ग्रे ब्रान्ड हो। यदि कसैले बेस्ट इन क्लास फिचर र पछिल्लो उत्सर्जन मापदण्डमा आधिकारिक सबैभन्दा राम्रो स्कुटर किन्न चाहनुहुन्छ भने नयाँ यामाहा रे जेडआर १२५ एफआइ सबैभन्दा उत्तम विकल्प हुने बस्नेतले बताए।

# अपराधमा संलग्न १२ जना पक्राउ

**ताप्लेजुङ, असोज ८।** धारिलो हतियार प्रहार गरी ३ जनालाई घाइते बनाएको अभियोगमा सिरिजंघा गाउँपालिका-८ तारतुम बस्ने २२ वर्षीय लाक्पा भोटेलाई प्रहरीले पक्राउ गरेको छ।

सोही ठाउँको छिरिङडाँडास्थित आफन्तको घरमा बेलुकाको खाना खाई बसेको बेला भोटेले धारिलो हतियार बाम्फोकले प्रहार गर्दा सोही ठाउँ बस्ने ६० वर्षीया लाक्पा फुटी भोटे, उनकै छोरा ३६ वर्षीय पासाङ भोटे र १८ वर्षीय पासाङ छिरिङ घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय तेल्लोक र प्रहरी चौकी याम्फुदिनबाट खटिएको प्रहरीले लाक्पालाई हतियारसहित पक्राउ गरेको हो। घाइतेलाई उपचारको लागि स्थानीय स्वास्थ्य चौकी याम्फुदिन पठाइएको छ।

यसैबीच उदयपुरको त्रियुगा-२ स्थित फत्तेपुरबाट लागूऔषधसहित ६ जना पक्राउ परेका छन्।

पक्राउ पर्नेमा त्रियुगा-१२का १९ बर्षीय रजामुदिन अन्सारी, २० बर्षीय मिलन बिश्वकर्मा, बर्ष २०कै सागर पौडेल, २२ बर्षीय शिब अधिकारी, बर्ष २२कै बिशाल मगर र २४ बर्षीय दिलीप घिमिरे रहेका छन्।

बिशेष सुराकका आधारमा विहीवार बिहान साढे ७ बजे जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई फत्तेपुरबाट नियन्त्रणमा लिएको थियो।

नियन्त्रणमा लिए पश्चात उनीहरुमाथि चेकजाँच गर्दा फेनारगन ३५ एम्पुल, डाईजोपाम ३५ एम्पुल, लुपिजेसिक ३५ एम्पुल गरी १०५ एम्पुल लागूऔषध फेला पारी बरामद गरेको हो। यसैगरी उनीहरुले प्रयोग गर्ने स१प ३२२४ नम्बरको मोटरसाइकल समेत बरामद गरिएको छ।

यस्तै उनीहरुलाई पक्राउ गरिएसँगै अनुसन्धानमा खटिएको जिल्ला प्रहरी कार्यालय उदयपुरको प्रहरी टोलीले उदयपुर त्रियुगा-६ लालपत्ताबाट लागूऔषध सहित दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरी कृष्ण सबरमका ३१ बर्षीय प्रबेश मिया र २६ बर्षीया हजारुम खातुन रहेका छन्। उनीहरु श्रीमान्/श्रीमती रहेको खुल्न आएको छ। प्रहरीले उनीहरुका साथबाट फेनारगन ६० एम्पुल, डाइजोपाम ६० एम्पुल, लुपिजेसिक ६० एम्पुल गरी १८० एम्पुल लागूऔषध फेला पारी बरामद गरेको हो। यसरी लागूऔषधसहित पक्राउ परेका आठै जना उपर थप अनुसन्धान तथा कानूनी कारबाही अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

उता चन्दा संकलन गरेको अभियोगमा मध्यपुर ठिमी नगरपालिका-१ मनोहरा सुकुम्बासी टोल बस्ने उदयपुर हदैनी-६ घर भएका ६१ वर्षीय गोपाल नेपालीलाई पनि प्रहरीले पक्राउ गरेको छ।

उक्त टोलका व्यक्ति तथा संस्थाबाट तीन लाख रुपैयाँ संकलन गरी रसिद बाँड्दै गरेको अवस्थामा विभिन्न पर्चाहरु, एनआईसी एसिया बैंकको चेकबुक १ थान र विभिन्न कागजातसहित उनलाई महानगरीय प्रहरी प्रभाग सानोठिमीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो।

# वृद्धाश्रममा एलेक्सको जन्मदिन



**बिर्तामोड, असोज ८।** पछिल्लो समय जन्मदिनलाई फरक ढङ्गले मनाउने चलन बढ्दै गइरहेका बेला झापाको बिर्तामोडका एक किशोरले आफ्नो जन्मदिनमा वृद्धाश्रममा रहेका वृद्धवृद्धालाई खाना खुवाएर मनाएका छन्।

बिर्तामोड-५का एलेक्स श्रेष्ठले आफ्नो जन्मदिनमा वृद्धाश्रममा रहेका बुबाआमाहरुलाई खाना खुवाएका हुन्। कक्षा-१०मा अध्ययरत् श्रेष्ठले बिर्तामोड-४मा रहेको परोपकार तथा अनुसन्धान केन्द्रद्वारा सञ्चालित वृद्धाश्रममा गएर त्यहाँ रहेका वृद्धवद्धालाई खाना खुवाएर आफ्नो जन्मदिन मनाएका हुन्।

युवापुस्तामा सेवा भाव जागृत गर्ने उद्देश्यले आफूले आफ्नो जन्मदिन वृद्धाश्रममा मनाएको बताए। होटल तथा रेष्टुरेन्टमा गएर केक काटेर फजुल खर्च गर्नुभन्दा सेवाभावले एक दिन भएपनि खाना खुवाएर वृद्धवृद्धा बुबाआमाबाट आशिर्वाद लिँदा उत्तम हुने भएकाले आफूले जन्मदिन वृद्धाश्रममा मनाएको श्रेष्ठले बताए।

३४ जना वृद्धवृद्धा बुबाआमा रहेको उक्त आश्रममा छोराले जन्मदिन मनाएको भन्दै बुबा सञ्जय श्रेष्ठले खुशी ब्यक्त गरेका छन्। मानिसमा मानवताको खाँचो खड्की रहेका बेला युवा पुस्ताले सेवाभाव देखाएर अत्यन्त राम्रो काम भएको उनको भनाइ छ।

# खोलाले बगाएर बालकको मृत्यु

**झापा, असोज ८।** रेखा खोलाले बगाउँदा झापामा दुई वर्षीय बालकको मृत्यु भएको छ।

मृत्यु हुनेमा बिर्तामोड नगरपालिका-७ निवासी राजु मर्डीका छोरा जीवन मर्डी रहेका छन्। जिल्ला प्रहरी कार्यालय झापाका अनुसार वुधवार राति ९ बजे बालक बेपत्ता भएका थिए। उनको विहीवार रेखा खोलाले बगाएको अवस्थामा घर बाट तीन सय मिटर तल शब फेला परेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक कृष्णप्रसाद कोइरालाले जानकारी दिए।

# कालिका नेपालद्वारा अपाङ्गता भएकालाई सहयोग

**बिर्तामोड, असोज ७।** कालिका नेपाल बिर्तामोडले यही असोज छ गते सामाजिक सेवा दिवसको अवसर पारेर राहत स्वरुप अपाङ्गता भएको परिवारलाई खाद्य सामग्रीहरु प्रदान गरेको छ।

बिर्तामोड नगरपालिका वडा नं ३ रोयल कोल्ड स्टोरेज छेउ निवासी खेम श्रेष्ठको परिवारलाइ चामल, खानेतेल, नुन, दाल, चियारंग, मसला, लगायतका खाद्य सामग्री प्रदान गरिएको थियो। श्रेष्ठ झण्डै तीन बर्ष अघि बस दुर्घटनामा परेका थिए।

दुर्घटनाबाट ढाड भाँचिएका उनी पूर्णरुपमा पक्षाघात भइ ओच्छ्यान परेका छन्। गाडी मजदुरीबाट परिवार पालिरहेका श्रेष्ठको यो अवस्थापछि परिवारको बिचल्ली भएको छ। बिहान बेलुका हातमुख जोर्न नै समस्या परेको सो परिवारलाई निवासमै गएर संस्थाका अध्यक्ष भक्तबहादुर कार्कीले खाद्य सामग्रीहरु हस्तान्तरण गरेका थिए।

सो कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष तुलसीराम खरेल, उपाध्यक्ष जया अधिकारी, सहसचिव दीपक अर्जेल, कोषाध्यक्ष कृष्ण अधिकारी, सदस्यहरु रमा खनाल, शंकरप्रसाद ढकाल, उमेशकुमार श्रेष्ठ, देवका अधिकारी लगायतको उपस्थिति रहेको थियो। २०७३ सालमा स्थापना गरिएको सामाजिक संस्था कालिका नेपालले सरसफाई, रक्तदान, चेतनामूलक कार्यक्रमहरु, आध्यात्मिक तथा नैतिक मूल्य मान्यता अभिबृद्धि, महिला सशक्तिकरणका कामहरु गरिरहेको संस्थापक अध्यक्ष तुलसीराम खरेलले बताए।

संस्थाको उक्त प्रकारको कार्यक्रमले अन्य दाताहरुलाइ समेत सहयोगका लागी प्रेरित गर्ने कुरा उपाध्यक्ष जया अधिकारीले बताइन्। सञ्चारकर्मी तथा स्थानीय देबी गौतमले ४१औं सामाजिक सेवा दिवस पारेर संस्थाले अप्ठेरोमा परेको श्रेष्ठ परिवारलाइ गरेको सहयोगको प्रशंसा गरे। संक्षिप्त कार्यक्रमको सञ्चालन सचिव मनोज घिमिरेले गरेका थिए।



**किवी खेतीप्रति सन्तुष्ट खतिवडाः** इलामको सन्दकपुर गाउँपालिकामा आफूले व्यावसायिक रुपमा उत्पादन गरेको किवी खेती देखाउँदै तारामणि खतिवडा। सरकारी जागीर छोडेर खेती गरेका खतिवडाले किवीबाट मनग्य आम्दानी गर्दै आएका छन्। रासस

# ड्रग्स केसमा दीपिकापछि सलमानको नाम जोडियो



बलिउड अभिनेता सुशान्त सिंह मृत्यु प्रकरणमा नयाँ-नयाँ कुराहरु खुल्दै गएको छ। उनको निधन प्रकरण अनुसन्धन शुरु गरेको नार्कोटिक्स कन्ट्रोल ब्यूरोले लहरो तान्दा पहरो थर्किएको छ। सुशान्तकी प्रेमिका भनिएकी रियासहित १० जनालाई पक्राउ गरेर नार्कोटिक्स कन्ट्रोल ब्युरोले अनुसन्धान शुरु गरे लगत्तै बलिउडका कलाकारका नाम जोडिएका छन्।

अनुसन्धानको क्रममा रियाले बयानमा चर्चित अभिनेत्रीहरूको नाम लिएको खबर बाहिरिएसँगै बलिउडमा ठूलो हलचल मच्चिएका बेला लागू औषध मुद्दामा अभिनेता सलमान खानको संलग्नता रहेको रहस्य खुलेको छ। सुशान्तकी पूर्व म्यानेजर जया साहसँगको सोधपुछमा ट्यालेन्ट म्यानेजमेन्ट एजेन्सी क्वानको नाम पनि मुछिएको र त्यसमा सलमान खानको पनि शेयर रहेको पत्ता लागेको छ।

ड्रग्स कनेक्सनमा सलमानको अप्रत्यक्ष संलग्नता हुनसक्ने बताइएको छ। क्वानकी कर्मचारी करिश्माले दीपिका पादुकोणलाई ड्रग्स सप्लाई गरेका विभिन्न प्रमाणहरु फेला परिसकेपछि नार्कोटिक्स कन्ट्रोल ब्युरोले अनुसन्धान गररहेको छ।

त्यस्तै यो प्रकरणमा क्वान कम्पनीका सीईओ ध्रुवलाई एनसीबीले सोधपुछ गर्ने तयारी गरिएको छ। यो प्रकरणमा श्रद्धा कपुर, दीपिका, राकुल प्रितपछि सलमानको नाम मुछिएसँगै अनुसन्धानलाई झनै फराकिलो बनाइएइको हो। एजेन्सी

## बाढी पहिरोले ...

अनुसार विहीवार सबै प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना रहेको छ। प्रदेश १, २, वाग्मती, गण्डकी, प्रदेश ५ र कर्णाली प्रदेशका १/२ स्थानमा अति भारी वर्षाको समेत सम्भावना रहेको छ।

विहीवार राति देशभर सामान्यदेखि पूर्णः मौसम बदली रही धेरै स्थानमा मेघ गर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। सबै प्रदेशका केही स्थानमा भारी वर्षा र केही ठाउँमा अति भारी वर्षाको सम्भावना रहेको जनाइएको छ।

## अपाङ्गता ...

गरी लागू गरेका सन्दर्भमा सम्बन्धित विज्ञ र सरोकार भएका पक्षलाई जानकारी र सुझावका लागि छलफल गरिएको महासंघका महासचिव राजु बस्नेतले जानकारी दिए। महासंघमा ३३१ भन्दा बढी अपाङ्गता सम्बन्धी काम गर्ने संस्था आबद्ध छन्।


## खुशीको खबर

ब्रा, पेन्टी, कुर्ता सलवार, मेक्सी, जिन्स पेन्ट-सर्ट लगायत सम्पूर्ण लेडिज सामानहरु अब एकै ठाउँमा सस्तो र सुलभ मूल्यमा पाइन्छ। साथै होलसेल तथा खुद्रा दुबै कारोबार गरिन्छ।

**अन्सिका मन्चेडाइज एण्ड सप्लायर्स सिटी सेन्टर**
बिर्तामोड झापा
प्रो. युवराज/दुर्गा गिरी
**फोनः ९८५२६७३२६९, ९८१४९९१६६८**

## कर्मचारी आवश्यकता

बिर्तामोडमा खुल्न गइरहेको **गोल्ड स्टार** जुत्ताको शोरुमका लागि दक्ष अनुभवी पुरुष कर्मचारीको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।

**तलबः आपसी समझदारीमा**

**सम्पर्क : ९८४२७१६७०७**

## आकर्षक घडेरी बिक्रीमा

बिर्तामोड मुक्तिचोकदेखि १ किलोमिटर उत्तर शनिश्चरे रोड सँगैका आकर्षक घडेरी तथा पाथीभरा टोलभित्रका आकर्षक घडेरी बिक्रीमा छन्।

**सम्पर्क : ९८५११४४९४९**

## पायल्स तथा स्त्री रोग सम्बन्धी समस्याले सतायो ?

**चिन्ता नलिनुहोस्। अब प्रत्येक दिन रबिन आयुर्वेदिक फार्मेसी बिर्तामोडबाट** पायल्स, फिसर, फिष्टुला, कब्जियत, दिसाबाट रगत बग्ने, मलद्वार चिलाउने, मलद्वार दुख्ने, मलद्वारबाट पिप बग्ने, मलद्वारमा मासु पलाएको, मलद्वार सम्बन्धी सम्पूर्ण रोग तथा महिलाहरुको महिनाबारी गढबढी, तल्लो पेट दुख्ने, स्तनको गाँठागुठी, यौन रोग, निःसन्तान दम्पत्ति एवम् महिलाहरुको सम्पूर्ण रोगहरुको लागि महिला डाक्टर अहिल्या मैनालीद्वारा दैनिक उपचार सेवा शुरु भई रहेको हुनाले सम्बन्धित रोगी विरामीहरुले सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

**रबिन आयुर्वेदिक फार्मेसी**
अदुवा खोला पुल पश्चिम दक्षिण, बिर्तामोड
फोन नं. ०२३-५४१०१०, ९८५२६७३१२१

## कर्मचारी आवश्यकता

यस जनशक्ति बचत तथा ऋण सहकारी संस्था लि.का लागि निम्न कर्मचारी आवश्यकता परेको हुँदा योग्यता पुगेका इच्छुक व्यक्तिहरुले तु-सम्पर्क गर्नुहोला।

**कार्यक्षेत्रः गोलधाप सेवा केन्द्र**

*१) लेखापालः १ जना*
- शैक्षिक योग्यताः वीवीएस वा सो सरह
- फारम दस्तुरः रु. १०००।- मात्र
- उमेरः २१ बर्ष पूरा भई ४० ननाघेको

*२) सहलेखापालः १ जना*
- शैक्षिक योग्यताः +२ वा सो सरह
- फारम दस्तुरः रु. ५००।- मात्र
- उमेरः १८ बर्ष पूरा भई ४० ननाघेको

**३) बजार प्रतिनिधि**
क) गोलधाप एरिया- १ जना
ख) हल्दिवारी एरिया- १ जना
ग) जलथल एरिया- १ जना
घ) चकचकी एरिया- १ जना
ङ) सैनिक बजार एरिया- १ जना

बजार प्रतिनिधिका लागि फारम दस्तुर रु. २००।- मात्र लाग्नेछ।

**तलबः** संस्थाको नियमानुसार **निवेदन दिने अन्तिम मितिः** २०७७ असोज १५ गतेसम्म
**परीक्षा मितिः** २०७७ असोज १९ गते सोमवार
**आवश्यक कागजातः** शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रतिलिपि, हस्तलिखित निवेदन

**जनशक्ति बचत तथा ऋण सहकारी संस्था लि.,**
बिर्तामोड-४, झापा (फोन नं. ०२३-५४३३४४)

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्न परेमा हामीलाई सम्झनुहोस।


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

# म्वाई खाने प्रचलन असहज लाग्दो

□ गोपाल गिरी

एक वर्षअघि लगभग यिनै दिनका युरोप यात्राका रमाइला सम्झनाहरु गराइदियो फेसबुकले। छोराहरूको युरोप बसाइ केही सहज भएपछि बुवाआमालाई आफू बसेको ठाउँ देखाउने उत्कट चाहनाले हामी (श्रीमान्-श्रीमती) युरोपेली देश जर्मनको ह्याम्वर्ग शहर तानिएका थियौं। लगभग अढाई महिनाको भ्रमण अवधिमा ह्याम्वर्ग शहर बाहेक जर्मनीको राजधानी बर्लिन र त्यस वरपरका छ वटा युरोपेली राष्ट्र घुम्ने अवसर जुटाए छोराहरूले। हामी जहाँ-जहाँ घुम्यौं, हेर्‍यौं, तत्-तत् ठाउँको फोटो र यदाकदा संक्षिप्त भिडियो समेत छायांकन गरियो। छायांकन मात्र गरिएन प्रविधिलाई उपयोग गर्दै फेसबुकमा पोष्ट्याउने काम पनि भयो। वर्ष दिनको अन्तराल पछि तिनै छायाँ छविहरू जुन मोबाइलबाट पोष्टाइएको थियो, एकेक गरेर प्रकट हुन थालेका छन् र तिनले हाम्रो यात्रालाई ताजा बनाएका छन्। त्यसकारण पनि बिर्सिन थालेका ती ठाउँहरूका बारेमा लेख्ने प्रेरणा जागेको छ।

गत वर्षको भाद्र ४ गते राजधानी काठमाडौंबाट हाम्रो यात्रा शुरू भएको थियो, ह्याम्वर्ग शहरका लागि। नितान्त नौलो यात्रा। प्लेनमा दुई-चार पटक भद्रपुर-काठमाडौं-भद्रपुर र एकपटक मात्रै बागडोगरा-बैंगलोर (अलिक ठूलो जहाज चढेर) यात्रा गरेबाहेक जहाजबाटै यति लामो दूरीको यात्रा पहिलो थियो हाम्रो लागि। नौलो अनुभूतिसँगै दुइटै छोरासँग भेट हुने खुशी र उत्साहले मन प्रफुल्लित थियो। राजधानी छोड्ने बित्तिकैदेखि हामीलाई भाषिक समस्याले गाँजेको थियो। तर, हामीसँगै जेठो छोराकी साथी पूजा, काठमाडौं आएर उतै फर्कंदै थिइन्। उनको साथ र सहयोगले हामीलाई कतै असहजको अनुभूतिसम्म पनि गर्न परेन। हवाईयात्राभरी र ट्रान्जिट स्थलमा हामी केवल लगेज रूँने कामका लागि मात्र उपयोगी हुन सक्यौं। प्लेनको लामो यात्रा नगरेका हामीलाई भाषाको कठिनाइ लगायत यावत समस्या पूजाबाट समाधान भएपछि हाम्रो यात्रा यति सहज भयो कि हामीले त्यसको कल्पनासम्म गरेका थिएनौं। काठमाडौंबाट उडेको जहाज दुबई ट्रान्जिट भएर त्यसैदिन उज्यालोमै हामी ह्याम्वर्ग झरेका थियौं। घडीको काँटामा लगभग आठ बजेको संकेत गरे पनि घाम अस्ताउन बाँकी नै थियो। प्लेनबाट उत्रिएर अराइभल भिसा एप्रुभ गरिसकेपछि मात्र साँझ परेको जस्तो देखिएको थियो। झन्डै ८ बजेतिर मात्रै त्यहाँ घाम अस्ताउँदो रहेछ। बिजुलीका चमक-दमक हेर्दा ह्याम्वर्ग एअरपोर्ट मलाई छुट्टै ढंगले सिंगारिएको शहरको महशुस भइराखेको थियो। जर्मनीको दोस्रो ठूलो शहर ह्याम्वर्ग हाम्रो देशको हिसाबले ठूलो शहर भए पनि युरोपेली देशका अन्य शहरको तुलनामा सानो तर चिटिक्क र व्यवस्थित शहर मानिँदोरहेछ।

युरोपेली देशहरू जर्मन बाहेक चेक गणतन्त्र, हंगेरी, फ्रान्स, इटाली र बेल्जियमका राजधानी शहरको फन्को मारेको झल्को आज पनि तरोताजा छ। यात्रा त्यसै पनि सुखद् हुन्छ नै त्यसमाथि नौलो ठाउँ, विकासको विशिष्टीकृत गतिमा चलेका देशको राजधानीहरूको घुमाइ र त्यो भन्दा पनि बढी दुईवटा छोरा दुवैजनाको साथ, त्यो भन्दा निष्फिक्री घुमाई के हुन्थ्यो होला र ? आनन्द र प्रेमपूर्वक घुमियो। युरोपका प्रायः सबै शहरका अग्ला घर उस्तै देखिने। यातायात, बिजुली, पानी, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत कुराको लागि चिन्ता छैन। शहरमा सीमित चिनजानका मान्छे बाहेक अरूको मतलव र वास्ता पनि नहुने। हुन त मान्छेको बढी चाप र कामको बोझले पनि होला। हाम्रै राजधानी काठमाडौंमा त वल्लो-पल्लो कोठाका मान्छे चिनजान नगर्ने परिपाटी शुरू भएको छ भने त्यो त युरोप! पूर्वीय सभ्यताको यो संस्कृति होइन तापनि ठूला शहरमा घरहरू नजिक नजिक र मनहरू टाढा हुँदै जान थालेका छन्। एकदमै नजिकको साथी वाहेक अरूको वास्ता छैन। एउटै छतमुनि बसेको मान्छे पनि के गर्छ, कहाँ काम गर्छ अर्कोले थाहा पाउन जरुरी ठान्दैनन्। सोधखोज गर्‍यो भने पाखे कहलाइन्छ रे ! यस्तो धारणा बन्न थालेको छ। व्यस्त शहरियाको कुसंस्कारले नेपाली समाजलाई पनि नराम्ररी गाँज्दै लगेको छ। अल्पमतमा परेका नेपालीहरू भने विभिन्न संघ-संगठन खोलेर एकत्रित हुने र आफ्नो पहिचान जीवित बनाउने कोशिस गरेको प्रवासका अरु देशमा जस्तै त्यहाँ पनि देख्न नपाइएको होइन।

समुद्रले नछोए पनि एल्वो नदीलाई व्यवस्थित बनाएर जर्मनीले पानीजहाज आवागमनलाई सहज बनाएकाले जर्मनकै चर्चित बन्दरगाह हेर्न त्यहाँ पाइएको थियो भने बडेमानका बेडा (पानीजहाज)हरु हेर्दा साना पानी जहाज चढेर गरेको निःशुल्क शयर झल्झली आँखामा नाचिरहेको छ। एल्वो नदीमै साइकलसम्म आवतजावत गराउने अन्डरग्राउण्ड पाथ वे, हवाई जहाजका पार्ट्सहरू निर्माण गर्ने ठूला-ठूला कारखानाले विकासको झलक दिएको देखिन्छ। छिन्-छिनमा चल्ने मेट्रो ट्रेन, सुलभ र सहज बस सेवा, बस र रेल चढ्नुअघि टिकेटिङको प्रावधान, खरिदारीका लागि डिपार्टमेन्ट स्टोर, खाजा नास्ताका लागि अग्रीम भुक्तानी गर्नुपर्ने र आफैंले लाइन लागेर आफूले पैसा तिरेको खानेकुरा बोकेर खाली टेबल खोज्दै बसेर खाईसकेपछि जुठो प्लेटलाई फोहोरको र्‍याक (हाम्रो जुठेल्नो जस्तो )मा पुर्‍याइदिनुपर्ने काम चाहिँ सारै मज्जा लागेको हो मलाई। खाएर पैसा छैन भनी अर्घेल्याईं गर्ने हामी र खाएको जुठो थाल भाँडा जहाँ खायो, त्यहीँ छोड्नेहरूलाई यस्तो संस्कारको विकास गराउन सके प्रवृत्ति परिवर्तन भएर आनीबानीमा सुधार हुन्थ्यो होला भन्ने पनि लाग्छ। युरोपेली नागरिकमा अनुशासनको पालना पनि राम्रो रहेछ। बनाइएका नियम कानूनको परिपालना प्रभावकारी देखिन्छ। कुनै न कुनै जरिवाना नतिर्ने मान्छे युरोपमा पाइँदैन रे ! जरिवाना तिर्न नपरोस् भनेर नेता गुहार्ने र मेरो मान्छे एकपटकलाई छोडीदिऔं भनेर सोर्सफोर्स लगाउने, स्वार्थको लागि जस्तो पनि घिनलाग्दो चरित्र देखाउने अनैतिक नेताको त्यहाँ गुञ्जायस हुँदो रहेनछ, तब त नेताहरू गलतलाई सही भन्ने आँट गर्दैनन्। हामी कहाँ पनि यस्तै नैतिकता भएका नेताहरू भइदिन्थे भने !

आखिर आफू जहाँ पुगे पनि आफ्नै चिन्ता भने जस्तो मैले पनि यस यात्रा संस्मरणमा नेपाल र नेपालीको बारेमा चिन्ता ओकल्न थालेछु। विकासका लागि शान्ति र स्थायित्व अनिवार्य छ। युरोपियनहरुको कामप्रतिको लगाव महत्वपूर्ण पाटो हो। यो ठूलो, यो सानो काम भनिँदैन रहेछ। विशेषगरी जर्मनीमा जो पनि जेसुकै काम गर्न तत्पर छ। तर, आजकल त्यहाँ पनि वाह्य हावा लाग्ने थालेको छ रे ! ह्याम्बर्गबाट युरोपका अन्य देश जाने क्रममा हामीले पहिलो देश चेक गणतन्त्रलाई रोज्यौं। यात्राको मीठो अनुभव भनेको हाम्रा लागि अरबन्ब रह्यो। होटल र लजभन्दा पनि सहज आफ्नै घर जस्तो हुने सुविधायुक्त फ्लाट कोठाहरुको उपलब्धताले यात्रालाई रोमाञ्चक बनाएको थियो। अनलाइन बुकिङ, अनलाइन पेमेन्ट र मान्छे भेट नगरी चावीको जोहो नितान्त नौलो अभ्यास गरियो-इटाली बाहेकका सबै राजधानी शहरमा। यात्राको क्रममा चेक गणतन्त्रको राजधानी ऐतिहासिक शहर प्रागको भ्रमण हाम्रा लागि निकै महत्वपूर्ण रह्यो। युरोपेली इतिहासमा प्राग शहर उन्नत र विकसित मानिन्छ। पहिला चेकोस्लाभियाको नामले चिनिने यो देश अहिले विभाजित भएर चेक गणतन्त्र र स्लोभाकिया भएर अलग-अलग दुई राज्य भएका छन्। चेक गणराज्यबाट हंगेरीतर्फ हामी बस चढ्दा स्लोभाकियाको बाटो भएर हंगेरीको राजधानी बुढापेस्ट पुगेका थियौं। सुन्दर शहर बुढापेस्टले युरोपेलीको ध्यान खिच्न थालेको छ। त्यहाँको दुनावे नदीको किनारमा रहेको संसद भवनको कलायुक्त आकर्षकशैली लोभलाग्दो छ। विश्वकै तेस्रो ठूलो, फराकिलो र साजसज्जायुक्त संसद भवन, दुनावे नदीलाई केन्द्रीत गरी बनाइएका पर्यटक लोभ्याउने पार्क, बगैंचा, पुरातात्विक महत्वका स्थलहरूको संरक्षण हेरेर भ्याइनसकेकाले बुढापेस्ट घुम्ने धित मरेको छैन।

हंगेरीपछिको हाम्रो यात्रा इटालीको राजधानी शहर रोम केन्द्रीत बन्यो। रोमका थुप्रै एयरपोर्टमध्ये हामी उत्रिने एयरपोर्टो जीबी पेटिनमा पुग्दा अँधेरो भइसकेको थियो। बास बस्ने होटल कसरी जाने होला भनेर हल्का आत्तिएको मनलाई युबरले सहज मात्र बनाएनन् इटाली प्रवेशको शुरुवातमै भेटिएका इटालियन नागरिक डिएगोले सुखद् र सद्भावपूर्ण व्यवहार प्रदर्शन गरेर उदाहरणीय परिचय नै प्रस्तुत गरे। युबर अनलाइन ट्याक्सी सेवा आफैं मालिक आफैं चालक बनेर दिने सेवा अहिले युरोपमा निकै प्रचलनमा छ। त्यसरी नै अनलाइन बुक गरी मगाइएको ट्याक्सीले सहजै होटल मात्र पुर्‍याएन, अनलाइन विलिङको छुट रकम अनलाइन मार्फत नै तत्काल फिर्ता दिएर त्यसका सञ्चालक डिएगोले बिर्सनै नसक्ने छाप छोडे। जुन हाम्रा लागि आज पनि स्मरणीय छ। युरोपको भ्रमणमा छुटाउनै नहुने रोम शहर ऐतिहासिक र पुरातात्विक महत्वको केन्द्र नै रहेछ। त्यहाँको इतिहास बारेमा राम्रो जानकारी नभएकोले घुमाइ केही खल्लो महशुस भयो नै। ऐतिहासिक स्थलहरू, इतिहास बोकेका भग्नावशेषहरू, युरोपको संस्कृतिसँग जोडिएका किम्वदन्तीहरूले इटालीलाई राम्रोसँग नबुझी पुगेकोमा पछुतो भने आज पनि छँदैछ। तर, इटाली पुगेर पनि छुटाउनै नहुने भेटिकन सिटीलाई आँखाले छोड्नै मानिरहेको छैन। इसाई धर्ममा पनि क्याथोलिक धर्मका पोपको राज्यको छुट्टै संसार। स्वर्गीय आनन्दको अनुभूति हुने भेटिकन सिटी अर्थात् स्थानीयहरूको बासिलिका सान पियट्रोले हाम्रो घुमाइलाई सार्थक बनाएको महशुस भयो। इटालीभित्रकै एउटा शहरजस्तो लाग्ने भेटिकनमा धार्मिक राज्य स्थापित छ। त्यहाँ छुट्टै रूपैयाँ प्रचलनमा छ भने सुरक्षाका लागि अलग्गै सुरक्षाकर्मी परिचालन गरिएको छ। सानो तर सुन्दर सजिसजाउलाई बाहिरबाटै नियाल्ने काम भयो। अझै घुम्ने र डुल्ने प्रबल इच्छाले फ्रान्सको राजधानी पेरिसतर्फ हामीलाई डोहोर्‍यायो। व्यस्त जीवन, मानिसको दौडधूप, भव्य भवन एउटै स्टेशनमा माथि यात्रु बस, अर्को तलामा मेट्रो ट्रेन र अर्को तलामा ट्रेन आफ्नै तमासले गाको आको हेर्दाहेर्दै आँखा अघाए पनि मन नअघाउने। लिफ्टबाट जुन तलामा गयो उस्तै भिडभाड, उस्तै चहलपहल। पेरिस शहरको साइल नदीमा बनेको चेन पुल र त्यही नदीमा बनेका बिभिन्न



एक वर्षअघिको युरोप यात्रा

ढाँचाका दर्जनभन्दा बढी आकर्षक पुलहरू, वारिपारि जता हेरे पनि उस्तै लाग्छ- त्यहीँ बसेर रमिता हेरिरहूँ जस्तो।

फ्रान्स घुमेपछि आइफेल (इफेल) टावर कसले छुटाउला र ? जे कल्पना गर्दै इफेल टावर पुगियो, कल्पना गरेभन्दा एकदमै फरक भव्य र आकर्षणयुक्त। आहा ! मान्छेको उपस्थिति, क्यामेरामा फोटो कैद गर्नेहरूको झुत्ती हेरेपछि फोटो नखिची मन नै मानेन्। युरोपको पनि राजधानी भनेर चिनिने देश बेल्जियमको मज्जा बेग्लै। त्यो मज्जामा केही वर्षदेखि थातथलो नै बेल्जियमको राजधानी शहर ब्रसेल्सलाई बनाएर प्रवासबाटै नेपाली साहित्यको विकासमा योगदान दिनु हुने मेरा आदरणीय मामा विमल गिरीसंगको भेटले सुनमा सुगन्ध थपेको थियो। उहाँसहित माइजू उषा र बहिनी सन्ध्याको न्यानो आतिथ्यले युरोप घुमे जस्तै लागेन। साँधेको गुन्द्रुकको अचार, मासको दाल र मोही अनि रायोको सागसँगको नेपाली खाना त्यसमा फेरि खसीको मासु। साँच्चै मेजमान खान माबल गएको भैँ लाग्यो। ब्रसेल्समा पुगेर पनि नेपाल र नेपाली साहित्यको लागि अनवरत लागीरहनु हुने उहाँसँगै ब्रसेल्सको महत्वपूर्ण अटोमियम र कार्लमाक्सले क्यापिटा लेख्न बसेको घरसम्म हेर्न भ्याएका थियौं। ब्रसेल्स युरोपियन युनियनको मुख्यालय रहेको शहर पनि हो। युरोपकै लगभग मध्य भागमा पर्ने यो शहरलाई युरोपको राजधानी भनेर पनि चिनिन्छ। विमल मामासँगको भेटले ब्रसेल्स-बेल्जियमसँगै युरोपका बारेमा केही जानकारीहरु उपलब्ध भए। खुशी लाग्यो- सानो नै सही व्यापार-व्यवसाय गरेर अनेसासको माध्यमबाट युरोपमा नेपाली साहित्य र भाषा संस्कृतिको जगेर्नाका लागि गतिविधि गरिरहनु भएको छ- ब्रसेल्समा मामाले।

त्यसो त युरोपमा घुम्दा हामीले पनि नेपाली रेष्टुरेन्ट र होटल नै चहार्‍यौं, दिउँसोको खानाका लागि। इन्टरनेट उपयोग गरेर गुगल सर्चबाट लोकेशन ट्र्याकिङ गर्दा सम्बन्धित ठाउँमा प्रविधिले नै पुर्‍याउने। त्यसरी नै धेरै ठाउँमा हामीले नेपाली होटलमै खाना खायौं। तर, माबलमा खाएको जस्तो स्वाद आतिथ्य र स्वच्छता होटल रेष्टुरेन्टमा कहाँ थियो र ? दिनभरि घुमेर साँझ कोठामा पुग्न ट्रेन, बसको सुव्यवस्थित यात्रा र युबर तथा साँझमा अरबन्बको सुविधासम्पन्न बासको व्यवस्था आदिका लागि नयाँ प्रविधिको भरपुर उपयोग गरेको थियो छोरा मुनेशले। ब्रसेल्सको न्यानो आतिथ्य रहँदा-रहँदै पनि छोडेर हामी जर्मनीको राजधानी शहर बर्लिनको रमाइलोमा रम्न पुग्यौं। थुप्रै ऐतिहासिक स्थलसँगै बर्लिनको पर्खाल हामीले हेर्न चाहेको स्थल मध्येको एक थियो। त्यसलाई हेर्दै केही स्नाप फोटोहरू मोवाइल-क्यामेरामा कैद गरियो। पूर्व र पश्चिम जर्मनीलाई छुट्याउने पर्खालले जर्मन इतिहास पटाक्षेप गर्छ। यद्यपि हामीलाई इतिहासभन्दा पनि युरोपको हालको विकासका झलकहरु हेरेर आनन्द उठाउनु थियो। तसर्थ, हामी सुन्दर ठाउँहरू बर्लिन गेट, पार्लियामेन्ट हाउस र पार्कहरूमै बढी रमायौं। युरोप भ्रमणको विशेष स्मरणीय पक्ष भनेको हामी जहाँ-जहाँ पुग्यौं त्यहाँ नेपाली भेटिए। नेपाली मात्र होइन नेपाली होटल र रेष्टुरेन्ट पनि भेटियो। कुनै एक ठाउँमा त नाम चाहिँ होटल हिमालय एण्ड रेष्टुरेन्ट तर डिस्क चाहिँ युरोपेली कै अनुभव गर्न पनि विवश नभएका भने होइनौं। लामो यात्रामा यदाकदा यस्ता घटना हुनुलाई स्वभाविक मान्दै हामीले यात्रा जारी राख्यौं।

जर्मन बसेर त्यसकै सेरोफेरो घुमे पनि ह्याम्वर्गमा बैनी तुलसा, ज्वाइँ उपेन्द्र तथा भाइ गायत्रीको आतिथ्य र सामीप्यले परदेशमा दिइने अपनत्व उपमेयी छ। ठूलो परिवार, आफन्त र आफ्नाको स्वागत सम्मानले स्वदेशमा त अर्थ राख्छ भने झन् परदेशीका लागि कति प्रिय हुन्छ ! हामीलाई उहाँहरूसँगको भेटघाट र जमघटले आनन्दानुभूति भयो। जमेर बस्नुभएको छ- उहाँहरू गैरआवासीय नेपालीकारुपमा त्यहाँ। विकासका दृष्टिले अग्रगामी छलाङ मारेको भए पनि एकल परिवारको जीवनोवृत्तिले उब्जाएको बृद्धबृद्धा प्रतिको दुर्व्यवहारले भने पूर्वी सभ्यताका हामीलाई दुख्दो रहेछ। छोटो बसाइमा धेरै कुरा त बुझिएन नै। तर पनि स्याहार-चाकर पाउने बेलाका बृद्ध बावु-आमामाथि परिवारबाट हुने गैरजिम्मेदार हर्कत हाम्रो सभ्यतासँग अमिल्दो भएकाले होला पटक्कै पाच्य लाग्दो रहेनछ। १८ बर्ष उमेर पुगेपछि छोराछोरीले पाउने स्वतन्त्रता र त्यसले निम्त्याउने दुष्प्रभावका विषयमा चिन्ता देखिनु अस्वभाविक होइन। चुरोट र वियरको खुलेआम प्रयोग र १८ वर्ष उमेर पुगेपछिको स्वतन्त्रताको कानूनी प्रावधानले त्यहाँको नेपाली समुदाय पिरोलिएको मैले महशुस गरेँ। त्यहाँको म्वाई खाने संस्कृति पूर्वीय सभ्यताका हामीलाई असुहाउँदो लाग्नु स्वभाविक पनि हो। साष्टाङ्ग दण्डवत र नमस्कारभन्दा विपरीत लिङ्गीबीच हात मिलाउँदा अनौठो मान्ने संस्कारमा हुर्केका हामीलाई अंकमाल र त्यो भन्दा पनि म्वाई खाने प्रचलन असहज लाग्दो रहेछ। संसार विचित्रको छ।

त्यसो त युरोपका केही ठाउँमा ढोलक र झ्याम्टा बजाउँदै हरे राम हरे कृष्णको भजन गाउँदै, चन्दनको टीका लगाएको गेरु वस्त्रधारी जमात शहर बजारमा घुमेको त्यहाँ पनि नभेटिएको होइन। सँगसँगै पोखरी तलाउमा पस्दा, नुहाउँदा लगाउने विकनी पहिरन समुद्र, तलाउ, पार्क र पोखरीमा निसंकोच उपयोगमा छ। सिनेमाका दृश्यमा देखाइने त्यस्ता तस्वीरलाई छाडा भन्दै एकआपसमा मुख छोप्ने संस्कारबाट हुर्केका हामीले कतै-कतै पार्क र बगरमा सर्वाङ्ग नाङ्गो शरीर सुतेका दृश्यलाई संस्कृतिका रुपमा नस्वीकारे पनि दृश्यावलोकनको एउटा बाध्यकारी अवस्था रहेछ युरोपमा। संस्कृति भन्ने कि विकृति मान्ने ती दृश्य देखिरहँदा धार्मिक र सांस्कृतिक पराभवले नेपाली अस्तित्व माथि नै धावा बोलिरहेको बेला हाम्रो संस्कृति माथिको संक्रमणप्रति सचेत हुन पनि त्यतिकै जरुरी छ। विदेशमा पुगेको युवा पुस्ता र आप्रवासनमा रहेका नेपालीका सन्तानले सांस्कृतिक संक्रमणलाई मलजल पुर्‍याउने सम्भावनाबाट होशियार बन्नै पर्दछ। कोरोना महामारीले विश्व नै आक्रान्त बनेको बेला कोरोना सार्नमा सहयोगी हुने त्यस्ता संस्कार कोरोनाका लागि पनि सुपाच्य रहेन। सभ्यताका नाममा हुने त्यस्ता परम्परामा सुधार गर्न नसके पनि सचेत भए राम्रै हुने सद्भावका साथ युरोप यात्राको सरसर्ती अनुभूतिलाई विश्राम दिन चाहन्छु। अस्तु !

---

कविता

## सृष्टिको शुरूवात

इच्छा गर्नुभयो र कृष्ण प्रभुले, यो सृष्टिका खातिर
गर्नुभो तीनगुणबाट रचना, ब्रह्मा र विष्णु शिव
ब्रह्मालै गर सृष्टि विष्णु गर लौ, त्यो सृष्टिको पालन
दीनु भो अधिकार शंकर जिमा, त्यै सृष्टि सम्हार्न ।

कोटी कोटी अनन्तः सृष्टि गरदै, ब्रह्माण्ड पैले अनि
ब्रह्मा शंकर विष्णु शेष अनि गौ, गोपाल गोपी पनि
सारा जीवहरू चराचर जगत्, प्रत्येक ब्रह्माण्डमा
पार्नु भो परिपूर्ण खाली न रही, यो विश्व संसारमा ।

जसका पाउ पवित्र जानि शिवजी, धोयेर त्यो जल् लिई ।
गर्छन् धारण शीरमाथि जसका, पाऊ महा मन्दिई
ब्रह्मा, विष्णु, शिवादिदेखि अलगै, जो निर्विकारी भये
यस्ता श्रीपरमात्म कृष्ण, सच्चिदानन्द स्वरूपी थिये ।

यौटा सत्य छ यो झुटा जगतमा, श्रीकृष्ण नामै अहो
सोही नाम जपेर भक्ति गरने, मानिसको काम हो
पैलेका युगका ती मानीसहरू, अत्यन्त भक्तै थिये
शान्ति भै प्रभुको भजन गरी-गरी, जीवन बिताइ दिये ।

लाखौं जन्म बिताई भारत महा, धेरै ठूला पुण्यले
जन्मै मानिसको मिल्यो सुजन हो, हाम्रो ठूलो भाग्यले
भक्ति कृष्णजीको बिना गुरू बिना यो जन्म जसको गयो
यो आत्माकन पार तार्न न सके त्यो आत्मघाती भयो ।

**– जयनारायण अधिकारी**
**अर्जुनधारा–७, रामपथ**

---

# लान्छ कि क्या हो साइँली कोरोनाले !



भुवन तामाङ

कथा

लु बिताउँछ कि क्या हो साइँली कोरोनाले। जताततै कोरोना नै कोरोना लागेको लाग्यै छ। जोगिएर पनि खोइ जोगिन सकिएला जस्तो छैन। शहर, बजार, गाउँभित्रै, टोल नजिकै र घर छेउमै पो आइसकेछ त कोरोना। भागेर जानु पनि कहाँ जानु आफ्नो शहर, बजार, गाउँघर, टोल, छिमेक र घर छाडेर ? जता गए पनि उही त हो। कोरोना नलागेको ठाउँ पो कहाँ छ र ? ओ हो, लान्छ कि क्या हो साइँली कोरोनाले।

साइँली ! कोरोनाले भिलेन खेलेर तिमी र मलाई भेट हुन पनि दिएन। अर्कोतिर बर्खेझरीले खोलानाला र नदी उर्लेर तर्नै नसकिने भएसी तिम्रो र मेरो भेट हुनै सकेन। हुन त तिम्रो माया पाएपछि जस्तै खोला पनि तर्न सकिहाल्थें। तिमीले नै जिद्दी नगर है भनेर पो। कतै म खोलामा बगेर गइपो हाल्छु कि भन्ने तिमीलाई डर लाग्छ र पो। नत्र त। तर, आश जाग्दैछ साइँली। पानीझरीको मौसम सकिँदैछ।

आकाश खुलेपछि उदुमै रमाइलो हुन्छ होइन त साइँली ? तिमीलाई भेटीहालुँ जस्तो हुन्छ। मन नै च्यू-च्यू पो भएर आउँछ साइँली। तिमीलाई पनि त्यस्तै भएछ कि क्या हो। 'के छ मेरो साँइलोको हाल खबर' भनेर तिमीले मुबाईलमा मुसेज लेखी पठाएछौ। मुसेज पढेर म त भुतुक्कै। झण्डै बेहोस भको। मलाईभन्दा नि तिमीलाई सारो परो कि क्या हो ? अब त झरी रोकिन्छ होला। झरी रोकिएपछि बिहानैदेखि घाम लागेर कति राम्रो गरी दिन खुल्छन्। बारीका पाटामा हरिया-हरिया धानका गाभाहरु मन्द-मन्द हावामा झुल्दछन्। अनि भन्छन् तिनीहरुले मलाई 'एई साइँला जाऊ तिम्रो प्यारी साइँलीलाई भेट्न झट्ट।' तिनै धानका पातहरुबाट आएका बासनाले मनै मदहोश बनाइदिन्छ। आलीमा हुर्किंदै गरेका मास र भटमासका साना साना बुटाहरुले पनि खेतबारीको रुपै मनोरम बनाइदिन्छ। धान गोड्दै सम्झिरहछु साइँली तिमीलाई। खोइ कहिले तिमीसँग भेट्हुने होला। उहुम्, मन नै चौ-चौ भइ पो सको त गाँठे।

धानबारीको आलीमा घाँस काट्दै घरिघरि टोलाउँदै तिम्रो गाऊँ भएको पहाडतिर हेर्दैछु। तिम्रो बस्ती निलालेर घरहरु देख्ने कोसिस गर्छु तर अहँ सकिनँ। निकै टाढा पो छ त हौ तिम्रो पहाड। तिम्रो घर त्यतै कतै हुनुपर्छ भनेर छुट्याउने चिनो त्यही पहिरो हो। यहाँबाट हेर्दा भिरालो पहाडमा निधारमा ठाडो गरी सेतो धर्से टिको लगाए जस्तै पहिरोले सोहोरेको सेतो ठाडो धर्सोमात्र देखिन्छ। तिम्रो घर भएको पहाड यहाँबाट हेर्दा निलो देखिन्छ। भन्नुको मतलब तिम्रो पहाड, तिम्रो गाउँ धेरै टाढा छ। तर, कसरी भेट भयौँ साइँली हामी ? कसरी जुरेको होला तिमी र म भेट हुन। मुया पिरती पनि गाँसी पठाएछौँ। अचम्मै लाग्छ सम्झेर ल्याउँदा।

होइन हौ म मा त्यस्तो के छ साइँली ? तिमी जस्ती राम्रीले म जस्तो चुइस्स परेको साइँलो नै मन पराउनुपर्ने ? केटीहरुले केटाहरुको के चाहिँ मन परेर पिरती लाउँछन् हँ साइँली ? तर, यस्तो कुरा गरेर तिम्रो चित्त दुखाउन खोजेको होइन है। मैले त म कति भाग्यमानी रहेछु भनेको पो त। तिमीले अरु कति राम्रा राम्रा केटाहरु, कति धनि केटाहरु, धेरै पढेका केटाहरु पाउँथ्यौ होला। शहर बजार, विदेश घुमाउन लाने केटाहरु पाउँथ्यौ होला। सुनैसुनले पहेँलपुर पार्दिने केटा पाउँथ्यौ होला। के भएर म जस्तो खोरिया खन्ने लुतिखारेलाई मन परायौ हँ साइँली ? धनमा हरितन्नम्, बुद्धिमा हरिलक, रुपमा भालुले कोतरेको अनुहार लिएको म जस्तो मुन्छेसँग कसरी मुन बस्यो तिम्रो। म मेरै वरिपरि घुमी-घुमी हेर्छु, हन हौ मेरो के चाहिँ मन परेर साइँली म सँग पट्टिइन् हँ ?


भगवानले जुराको होला मलाई तिमी जस्ती राम्री साइँली। कहिलेकाहीँ त यस्तो लाग्छ कि कतै मेरी साइँलीले मलाई चटक्कै बिर्सिने पो हुन् कि। त्यस्तो गरिछ्यौ भने म त अपहत्ते गरेर मरिदिन्छु। तर, मुबाईलमा टिडिरिङ्ग आवाजसँगै तिम्रो मुसेज आएसी म ढुक्क भै जान्छु। खुसीले भात पनि यति धेरै खाँदो रछु कि आमाले 'तीन जना लाठेले खाने भात तँ एक्लैले खाइस् मोरा' भन्छिन्। अनि भन्छिन्- 'कहिले ल्याउँछस् त बुहारी ?'

साइँली तिम्रो पिरतीलाई राख्ने मेरो मुनमा ठाउँ भए पनि तर तिमीलाई राख्ने मसँग राम्रो घरै छैन। जहिल्यै तारामण्डल देखिने र जहिल्यै खुल्लै रहने छाप्रोमा तिमी कसरी बस्न सकौली र ? के सारो हुतिहारा भएछु म। मेरी साइँलीले यति धेरै माया गर्दागर्दै पनि एउटा राम्रो घर बनाउने जाँगर मलाई किन आउँदैन। यही पहाडका पाखाका रुखका खाँबा, दलिन, बलो र बाकलले एउटा राम्रो घर किन बनाउन सकिरहेको छुँइन ? यही वनपाखामा उम्रेर लहलहाएको खरले छाएर मेरी साइँलीका लागि किन चिटिक्क परेको घर बनाउन सकिरहेको छुँइन ? तर, अब मलाई पक्कै जाँगर र जोश पलाउँछ होला। दशैंतिहार पछिको हिउँदमा तिमीलाई घर भित्र्याउनु पर्ला। आमाले छिट्टै बुहारी ल्या। नाति-नातिनी नखेलाई मर्नु त म ? भनेर कचकच गरेको गर्‍यैछिन्। हुनसक्छ उनलाई अब धेरै बाँच्दिन कि भन्ने लाग्दैछ होला। सन्तानको बिलो भने पनि जे भने पनि मै हुँ उनको। सास छँदै छोराको जोडी बाँध्न मन लागेको होला। के म आमाको रहर पूरा गर्न सकौँला र ? मेरी साइँली तिमी रिसाइजाने त होइनौ कतै ?

मेरी साइँली तिमी डाँडाबजारको हाटमा आउन है। पहिले जसरी हामी डाँडाबजार घुमौंला। मुया पिरतीका धेरै-धेरै कुरा गरौँला। म पनि कोशी तरेर टुप्लुक्कै आइपुग्छु मेरी साइँलीलाई भेट्न डाँडाबजार। थाहा छ साइँली तिमीलाई कोसेली दिन भनेर मुइले के-के साँचेर राखेको छु। एउटा छिप्पेको भाले बेचेर तिम्रो लागि कोसेली किन्न पैसो जोहो गरेको छु। आमाले सोधेर हैरान भाले बेचेको पैसा के गरिस् भनेर। मैले त भन्दिएँ कि, तिम्रो बुहारीलाई कोसेली दिन परेन त ? तर, साइँली कोरोनाबाट पो बँचिएला जस्तो छैन। मलाई अत्यासै लागेर आइसक्यो। कतै मेरी साइँलीलाई भेट्न नपाई मरिएला भनेर।

कोरोनाबाट बच्ने सबै उपाय गरेको छु र त बाँचेको छु। तिमी पनि सुरक्षित बस है मेरी साइँली ! तर, घर छिमेकमा आइसक्यो कोरोना। मान्छे समातेर लगेका लग्यै छन्। कति निको भएर आए कति आएका छैनन्। हन हाव ! लान्छ कि क्या हो साइँली कोरोनाले।

# सहारा नेपालको मासु पसल सुधार कार्यक्रम



**झापा, असोज ८।** सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड र बिर्तामोड नगरपालिकाबीच भएको साझेदारी कार्यक्रम अन्तर्गत 'मासु पसल सुधार, नश्ल सुधार तथा कृत्रिम गर्भधारण' विषयक कार्यक्रम सम्पन्न भएको छ।

बिर्तामोड नगरपालिकाकी उपप्रमुख पवित्रा महतारा प्रसाईको प्रमुख आतिथ्य रहेको कार्यक्रमको संस्थाका सचिव तथा कार्यकारी प्रमुख महेन्द्रकुमार गिरीले अध्यक्षता गरेका थिए। सञ्चालक सदस्य शंकरप्रसाद रिजालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए।

कार्यक्रममा बिर्तामोड नगरपालिकाका पशुपन्छी तथा मत्स्य शाखा प्रमुख सावित्रा दाहाल, सहारा साकोसका सहसचिव ज्ञानुनाथ मैनाली, कोषाध्यक्ष डम्बरबहादुर देउजा, सञ्चालक सदस्य नेत्र नेपाल, सल्लाहकार छविलाल खतिवडा र संस्थाका पशु प्राविधिक डा.कमलेस भाटको उपस्थिति रहेको थियो। कार्यक्रम संस्थाका वरिष्ठ प्रवन्धक राजकुमार दर्नालले सञ्चालन गरेका थिए।

कार्यक्रममा बिर्तामोड नगरपालिका अन्तर्गतका विभिन्न स्थानका १५ जना फ्रेस हाउस सञ्चालकलाई मासु पसल सुधारका लागि एक लाखका दरले १५ लाख र बाँकी ५० हजार रुपैयाँ फ्रेस हाउसलाई आवश्यक फ्रिज तथा अन्य सामान खरिद गर्नका लागि प्रदान गरिएको थियो। साथै पशु नश्ल सुधार कार्यक्रम अन्तर्गत दुई लाख ४२ हजार रुपैयाँ गरी जम्मा २२ लाख ४२ हजार रुपैयाँ सम्बन्धित व्यवसायी तथा पशु प्राविधिकलाई प्रदान गरिएको थियो।

कार्यक्रममा फ्रेस हाउस सञ्चालक निर्मला भण्डारी, रसिक मिया र रोशन कार्कीले फ्रेस हाउस सञ्चालनमा सहारा नेपाल साकोस र बिर्तामोड नगरपालिकाको साझेदारी कार्यक्रमले व्यवसाय र आफूमा व्यापक परिवर्तन ल्याएको र स्वास्थ्यवर्द्धक मासु पाएकोले उपभोक्ताहरु पनि धेरै खुशी भएर वधाई दिने गरेको अनुभव सुनाएका थिए।

# सातवटै प्रदेशमा नेपाल पर्यटन बोर्डको कार्यालय खोलिने

□ लक्ष्मी उप्रेती

**काँकरभिट्टा, असोज ८।** नेपाल पर्यटन वोर्डले अब प्रत्येक प्रदेशमा कार्यालय सञ्चालनमा ल्याउने भएको छ। हाल वाग्मती र गण्डकी दुईवटा प्रदेशमा मात्र बोर्डको प्रादेशिक कार्यालय रहेको छ।

कार्यालय स्थापनाका लागि स्थलगत अवलोकन सम्भाव्यता अध्ययनका लागि आएका बोर्डका प्रमुख कार्यकारी अधिकृत डाक्टर धनञ्जय रेग्मीले बिहीबार झापाको मेचीनगरमा सरोकारवालाहरुसँगको अन्तरक्रियामा यस्तो खुलासा गरेका हुन्।

काँकरभिट्टास्थित पर्यटन कार्यालयमा आयोजित अन्तरक्रियामा बोल्दै डाक्टर रेग्मीले पर्यटनका क्षेत्रमा धेरै खालका समस्या र गुनासाहरु रहेकाले आफैं प्रत्यक्षरुपमा गएर हरेक समस्या र गुनसालाई नजिकबाट नबुझेसम्म समाधानका उपाय निकाल्न गाह्रो हुने बताए। पर्यटनका क्षेत्रमा सरोकार राख्ने तथा करोडौ रुपैयाँ लगानी गर्ने निजी क्षेत्रका व्यवसायीहरुसँग यसभित्रका समस्या पहिल्याएर समाधानका उपाय खोज्न मेचीदेखि महाकालीसम्म हरेक पर्यटन व्यवसायीहरुसँग अन्तरक्रिया र छलफल गर्ने योजनासहित पश्चिमबाट शुरु भएको अभियानका क्रममा मेचीनगर आइपुगेको उनले बताए।

नेपाल पर्यटन बोर्डको स्थापना भएको २०/२२ वर्ष भईसक्दासम्म पर्यटन व्यवसायलाई कुन रुप दिने भन्ने कुरामा सबैजना अल्मलिई रहेको भन्दै प्रमुख कार्यकारी अधिकृत डाक्टर रेग्मीले पर्यटन व्यवसायीसहित त्यस क्षेत्रका अन्य सरोकार व्यक्तिहरुसँग गरेका अन्तरक्रिया र छलफलबाट पर्यटन व्यवसायलाई कुन रुप दिने, कसरी अघि बढ्ने भन्ने निष्कर्षमा पुग्ने धारणा राखे। संघीय, प्रदेश र स्थानीय सरकारसँग सहकार्य समन्वय गरेर बजेटको दुरुपयोग नहुने गरी संयुक्तरुपमा कुनै लक्ष्य लिएर अघि बढ्दै सातवटै प्रदेशमा बोर्डका प्रादेशिक कार्यालय सञ्चालन गर्नु भ्रमणको मुख्य उद्देश्य रहेको उनको भनाइ थियो।

उनले पश्चिमको गड्डाचौकी र पूर्वको काँकरभिट्टा नाका निक्कै महत्वपूर्ण भएकाले यी नाकालाई व्यवस्थित बनाएर पर्यटकहरुलाई पर्यटकीय क्षेत्रका बारेमा जानकारी प्रदान गर्न सक्नुपर्नेमा जोड दिए। उनले अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाललाई चिनाउन के-कस्ता कार्यक्रमहरु अघि सार्नुपर्छ, त्यसमा हरेक पर्यटन व्यवसायीहरुलाई साथ सहयोग गर्न बोर्ड तयार रहेको र पर्यटनका क्षेत्रमा भोग्दै आएका समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे। टोलीमा निर्देशक लक्ष्मण गौतम, अधिकृत सीताराम दाहाल लगायतको सहभागिता थियो।

कार्यक्रममा सहभागी अधिकांश पर्यटन व्यवसायीहरुले पर्यटकले अहिलेसम्म भोग्दै आएको समस्या राखेका थिए। दक्ष जनशक्ति र व्यवसायिकताको अभाव भएको भन्दै समय-समय तालिम, सेमीनार र प्रशिक्षणको व्यवस्था मिलाउन समेत उनीहरुले आग्रह गरे। नेपालका हरेक क्षेत्र पर्यटकमैत्री बन्नुपर्नेमा जोड दिँदै सहभागीहरुले अहिले पर्यटकले लिएर आएका भारतीय नम्बर प्लेटका सवारीसाधनको व्यवस्थापनमा समस्या भएकाले नाकामै यातायात सम्बन्धी हेर्ने निकाय समेत खडा गर्नुपर्नेमा जोड दिएका थिए। देशका अन्य नाकालाई हेर्ने दृष्टिकोणभन्दा काँकरभिट्टालाई हेर्ने दृष्टिकोण फरक हुनुपर्ने उनीहरुको भनाइ थियो।

कार्यक्रममा नेपाल एशोसिएसन अफ टुर्स एण्ट ट्राभल एजेण्ट् १ नम्बर प्रदेशका अध्यक्ष भुपालराज श्रेष्ठ, कोअर्डिनेटर उदयकुमार श्रेष्ठ, ट्राभल संघ झापाका अध्यक्ष नीरबहादुर कार्की, निवर्तमान अध्यक्ष शंकर भट्टराई, कोषाध्यक्ष पेमा तामाङ, होटल व्यवसायी संघ मेचीनगरका सचिव हस्तकुमार तामाङ, ग्रमीण पर्यटन अभियन्ता अर्जुनकुमार कार्की, इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रमुख प्रहरी नायव उपरीक्षक राजेन्द्र पोखरेल, पर्यटन प्रहरी शाखा काँकरभिट्टाका प्रमुख प्रहरी नायव निरीक्षक किरण अधिकारी, प्रहरी सहायक निरीक्षक सुमितकुमार साह, अध्यागमन कार्यालय काँकरभिट्टाका प्रमुख जनक कोइराला लगायतले बोलेका थिए।

पर्यटन कार्यालय काँकरभिट्टाका प्रमुख वासुदेव ढकालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन निरोज कट्टेलले र स्वागत नेपाल पर्यटन वोर्ड काँकरभिट्टाका प्रतिनिधि सुष्मिता दाहालले गरेका थिए।

# ब्याडमिन्टन प्रतियोगिताको उपाधि राजेन्द्र र दीपकको टिमलाई



**बिर्तामोड, असोज ८।** इलाका प्रहरी कार्यालय अनारमनीले संविधान दिवसको अवसर पारे शुरु गरेको ब्याडमिन्टन प्रतियोगिताको फाइनल सम्पन्न भएको छ।

प्रतियोगितामा प्रहरी नायब निरीक्षक राजेन्द्र चौहान र प्रहरी जवान दीपक राईको टोली प्रथम भएको छ। त्यस्तै प्रहरी जवान तामिन्द्र मगर र कृष्ण चौधरीको टिम दोस्रो तथा प्रहरी हवल्दार मणिकुमार विमली र ज्ञानदेव महतोको टिम तृतीय भए। खेल अवधिमा उत्कृष्ट प्रर्दशन गरेको भन्दै प्रहरी जवान दीपक राई उत्कृष्ट खेलाडी घोषित भए।

कोरोना भाइरसको महामारीको समयमा २४ घण्टा जनताको सुरक्षामा खटिने प्रहरीलाई खेलतर्फ पनि उत्तिकै सहभागिता गराउँदै उनीहरुको मनोबल उच्च राख्न प्रतियोगिताको आयोजना गरेको इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायब उपरीक्षक मुकुन्द रिजालले बताए। प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय तथा उत्कृष्ट खेल प्रर्दशन गर्ने खेलाडीहरुलाई पुरस्कार वितरण गरिएको थियो। कार्यक्रममा ब्याडमिन्टन कोर्ट निर्माण कार्यमा सहयोग गर्ने पूर्व प्रहरी सहायक निरीक्षक तथा होटल व्यवसायी अम्बिका पोखरेललाई मायाको चिनो प्रदान गरिएको थियो।

कार्यक्रममा पुरस्कार व्यवस्थापनमा सहयोग गर्ने पूर्व प्रहरी हवल्दार जनक खड्कालाई पनि मायाको चिनो प्रदान गरिएको थियो। खेलको माध्यमबाट प्रहरीको मनोबल उच्च राख्दै सुरक्षामा खट्न अझ हौसला मिलोस् भनेर आफूले सहयोग गरेको पूर्व प्रहरी सहायक निरीक्षक तथा होटल व्यवसायी अम्बिका पोखरेलले बताए। उनले खेलको माध्यमबाट मानिसलाई शारीरिक र मानसिक रुपमा स्वास्थ्य राख्न सकिने बताए।

# अभियानले दुई पीडितलाई आर्थिक सहयोग



**बिर्तामोड, असोज ८।** स्वच्छ समाजका लागि सामाजिक अभियान झापाले बिर्तामोड र अर्जुनधारा नगरपालिकाका दुई पीडितलाई उपचारका लागि आर्थिक सहयोग गरेको छ।

अर्जुनधारा-११ श्रमिक टोल निवासी २६ बर्षीय बिकास हेमरमको पेट सुन्निएर सामान्य उपचार गर्दा निको नभएपछि अर्जुनधारा-११ हाल अमेरिकामा रहेका अरुणकुमार डाँगी र भाइ भक्त डाँगी मार्फत हेमरमलाई उपचारमा सहयोग गर्न १५ हजार रुपैयाँ आर्थिक सहयोग गरेका छन्।

अभियन्ता गणेश ढुंगानाका अनुसार बिर्तामोड- ६ का ३६ बर्षीय देवकुमार घलेको दुबै मृगौला खराब भएर प्रत्यारोपणका लागि समेत डाँगी बन्धुले आर्थिक सहयो गरेका छन्। घले बचाउ अभियानका संयोजक मणिकुमार भट्टराईलाई वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वा मार्फत १० हजार रुपैयाँ हस्तान्तरण गरिएको छ।

कार्यक्रममा अर्जुनधारा-११ का जनप्रतिनिधि मोहनकुमार योगी सामाजिक व्यक्तित्व जगतबहादुर मगर, निर्माण व्यवसायी शेरबहादुर थापा, सुनिता धिमाल, दधीराम उप्रेती, मोती चौधरी लगायतको उपस्थितिमा सहयोग रकम हस्तान्तरण गरिएको सञ्चारकर्मी रञ्जित परियारले जानकारी दिए।

# इस्टुले पारिश्रमिक नदिनेविरुद्ध उजुरी दिने

**भद्रपुर, असोज ८।** संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) झापाको जिल्ला भेलाको निर्देशन र श्रम ऐन तथा कम्पनी ऐनको निर्दिष्ट सिद्धान्त अनुसार शिक्षक कर्मचारीको पारिश्रमिक नदिने संस्थागत विद्यालयविरूद्ध कानूनी उपचार शुरू गरिने भएको छ।

पहिलो चरणमा असोज १२ गतेबाट शिक्षक कर्मचारीलाई तलव नदिने विद्यालयहरूको नाम किटान गरी श्रम तथा रोजगार कार्यालय र जिल्ला प्रशासन कार्यालय झापामा उजुरी दर्ता गर्ने तयारी गरिएको हो।

उजुरी समितिमा झापाका एक सय विद्यालयले शैक्षिक वर्ष २०७६ कै पारिश्रमिक नदिएको उजुरी आइसकेको छ भने २०७७ बैशाखदेखि भदौसम्म पारिश्रमिक नदिने तीन सय विद्यालयको नाम शिक्षक कर्मचारीले दिइसकेका छन्।

उजुरी समितिका संयोजक राजु बरालले श्रम ऐन तथा कम्पनी ऐनको निर्दिष्ट सिद्धान्त अनुसार पारिश्रमिक नदिने विद्यालयमा कार्यरत शिक्षक कर्मचारीलाई असोज १२ गतेभित्र उजुरी दर्ता गराउन आव्हान गरेका छन्।

संस्थागत विद्यालय शिक्षक युनियन केन्द्रीय समितिले साउन ४ को प्याब्सन एन प्याब्सनसितको सहमति कार्यान्वयन नभएको ठहर गर्दै देशभर असोज ११ बाट आन्दोलनको घोषणा गरिसकेको छ भने इस्टु झापाले पालिका स्तरबाट सञ्चालित आन्दोलनलाई अनुमोदन गरेर निर्णायक चरणमा पुर्‍याउन सबै पालिका समितिलाई आह्वान गरिसकेको छ।

यसैबीच भद्रपुर नगर समितिले आन्दोलनमा वार्ता तथा संवादले निकास दिन नसक्ने ठहर गर्दै कानूनी उपचार मार्फत भण्डाफोर अभियान अगाडि बढाउने प्रष्ट पारेको छ। भद्रपुरमा शैक्षिक वर्ष २०७६ को तलब नदिने ११ वटा विद्यालयको नाममा उजुरी आइसकेको छ भने २०७७ बैशाखयता तलब नदिने विद्यालयको नाम संकलन शुरू गरिएको छ। पारिश्रमिक नपाएर पीडित हुन पुगेका शिक्षक कर्मचारीलाई उजुरी दिन आग्रह गरिएको छ।


भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) र नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठानको संयुक्त साझेदारीमा स्थापित

नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान

बिर्तामोड नगरपालिका-४, झापामा

यसै शैक्षिक सत्र २०७७/०७८ देखि तल उल्लेखित विभिन्न प्राविधिक विषयहरुमा एस.ई.ई पास भएका विद्यार्थीहरुलाई भर्ना लिइँदैछ।

फारम वितरण : धमाधम भइरहेको छ।

फारम पाइने र बुझाउने स्थान : CTEVT को website: www.ctevt.ort.np बाट डाउनलोड गरी वा प्रतिष्ठानबाट लिइ रितपूर्वक भरी प्रतिष्ठानमा बुझाउनुपर्नेछ। फारम बुझाउने अन्तिम मिति : २०७७ आश्विन १५ गते बिहीबारसम्म।

सञ्चालित कार्यक्रमहरू
डिप्लोमा तह
Isc.Ag.Plant Science (बाली विज्ञान ३ बर्षे)
Isc.Ag. Animal Science (पशु विज्ञान ३ बर्षे)
Diploma in Forestry (वन विज्ञान ३ बर्षे)





हाम्रा विशेषताहरुः
- मल्टिमिडिया प्रोजेक्टर तथा स्मार्ट वोर्डसहित सुविधासम्पन्न कक्षा कोठाहरु भएको।
- अनुभवी तथा विषयविज्ञ प्रशिक्षकहरुद्वारा कक्षा सञ्चालन गरिने।
- पशु विज्ञानका लागि पर्याप्त मात्रामा (पशु पंक्षी, माछा पालन र डेली ल्यावको व्यवस्था भएको छ।
- वाली विज्ञानको लागि पर्याप्त मात्रामा कृषि फिल्डको व्यवस्था भएको।
- वन विज्ञानको लागि पर्याप्त मात्रामा वन जंगलको व्यवस्था भएको।
- व्यवस्थित छात्रावासको व्यवस्था भएको।
- व्यवस्थित तथा सुविधासम्पन्न प्रयोगशाला (ल्याव) भएको।
- विपन्न तथा जेहेन्दार विशेष छात्रवृत्तितर्फ कोटा निर्धारण गरिएको।
- अनुशासन मर्यादालाई गम्भीर रुपमा पालना गर्दै/गराउँदै असल संस्कारको विकास गराउने।
- नेपाल सरकार अन्तर्गत सेवा पाँचौं तहको मान्यता प्राप्त हुने।

थप जानकारीका लागि : नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान
बिर्तामोड-४, झापा (फोनः ०२३-५९०८२३/ ९८५२६७५१९७/ ९८४२६२५३८१/ ९८४२७००४२०/ ९८०५३०००४६)
E-mail: nbkmfbm4@gmail.com



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।



सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४



साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८१४९९३७१२,
९८०६०८३८७६, ९८२४९८११७४



टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।

मो. ९८१५९५२४९९
९८४१३२१४६४



कर्मचारी आवश्यकता

सेल्स/मार्केटिङ : १५ महिला/पुरुष
काम गर्ने स्थानः काँकरभिट्टा, चारआली धाइजन, सुरुङ्गा, चारपाने, चन्द्रगढी, भद्रपुर, बिर्तामोड।
तलबः १२,६००+कमिशन+बोनस
घरमा काम गर्ने : १ जना (महिला)
(खान/बस्न सुविधा छ)

Nepal Jobs Care Service Pvt. Ltd.
मो. ९८२६९२०००१, ०२३-५४६६८३



गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैंचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ।



सम्पर्कः भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवारे बजार लक्ष्मीपुर



पायल्स तथा हाडजोर्नी

दक्ष तथा अनुभवी डाक्टरद्वारा दैनिक चेक। पायल्स, कब्जीयत, नशा च्यापिएको, थाइराइड, गुप्त रोगहरु, प्यारालाइसीस, बाथ, फिसर, फिगटुला, पिनास, सुगर, प्रेसर लगायत सम्पूर्ण रोग।

बिर्ता आयुर्वेद एण्ड फिजीयोथेरापी

अदुवा खोला छेउ, बिर्तामोड
फोनः ०२३-५९०१६६,
९८०६०००३१३, ९८४२७१६५८८



छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि
स्टाम (छाप)
अफसेट प्रिन्ट
स्क्रीन प्रिन्ट
फ्लेक्स प्रिन्ट
होर्डिङ बोर्ड
लेमिनेशन
डिजिटल प्रिन्ट
धिमिरे अफसेट प्रेस बिर्तामोडमा




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ। स्वादिष्ट भोजन पाइनेछ। बैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। कुटुम्बको सहयोग मिल्नेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
कला, साहित्य तथा संगीतमा रुची बढ्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ। शुभ समाचार सुन्न पाइएला। नयाँ कार्यको थालनी होला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
आदर्श व्यक्तित्वसँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ। सन्तान सुख मिल्नेछ। चुनौतिको सामना गर्नुपर्ला। प्रयत्न गरे फाइदा लिन सकिनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
कार्य सम्पादनमा समस्या आउला। अधिकार प्राप्तिका लागि संघर्श गर्नुपर्ला। प्रेममा मनमुटावका साथै मन कमजोर रहला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
अरुलाई प्रभावित पारेर काम बन्नेछ। सांगीतिक क्षेत्रमा रुची बढ्नेछ। नयाँ कार्यको थालनी हुनेछ। वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
रोकिएका अधुरा कामहरू पुरा हुनेछन्। बोलीको प्रभाव बढ्नेछ। मंगल कार्यको योगछ। चिन्ता छाडेर चिन्तन गर्ने समयछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
दैनिक कार्यमा प्रगति हुनेछ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ। लगनशीलताले कामहरू अगाडि बढ्नेछन्। दिनको उत्तरार्द्ध सुखद् रहनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
आर्थिक कारोवारमा बिवाद आउनेछ। चोटपटकको भय छ सचेत रहनुहोला। स्वास्थ्यमा समस्या आउला। पारिवारिक झैं-झमेला आउला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। नयाँ कर्यको थालनी हुनेछ। पढाइ लेखाइमा प्रगति हुनेछ। रमाइलो यात्राको योग रहेको छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। साहित्यिक क्षेत्रमा रुची बढ्नेछ। आँटेको र ताकेको कार्य पूरा होला। पार्टनसीपको कार्यमा सफलता मिल्नेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
आँटेको र ताकेको कार्य पूरा होला। साहित्यिक क्षेत्रमा रुची बढ्नेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
कार्यमा बाधा आउनेछ। अनावश्यक ठाउँमा धन खर्च होला। दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला।